# लोकतन्त्र स्थापनामा सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण : भरत शाह

**गौतमबुद्ध सन्देश**
सैनामैना, ११ वैशाख।

सार्वजनिक लेखा समितिका सभापति भरत कुमार शाहले शनिबार रुपन्देहीको सैनामैना ११ बनकट्टीमा साझा टेलिभिजनको नयाँ भवन शिलान्यास गरेका छन्।

साझापत्र मल्टिमिडिया प्रा.लि.द्वारा सञ्चालित साझा टेलिभिजनले एक वर्ष अघिदेखि परीक्षण प्रसारण गरिरहेको छ।

भवन शिलान्यास समारोहलाई सम्बोधन गर्दै सभापति शाहले साझा टेलिभिजनले नयाँ भवन बनाउन लागेकोमा खुशी प्रकट गर्दै टेभिभिजनको सफलताको शुभकामना दिए । उनले नयाँनयाँ प्रविधिको विकास भइरहेको आधुनिक युगमा टेलिभिजन एउटा समाज परिवर्तन गर्ने सशक्त माध्यम हो भन्दै यस क्षेत्रको विकासमा साझा टेलिभिजनले योगदान दिने विश्वास व्यक्त गरे । उनले राज्यका गतिविधिमा निरन्तर निगरानी गर्ने चौथो अंग सधै वाच डगको भूमिकामा हुने भन्दै आगामी दिनमा सही र सत्यतथ्य सूचना बाहिर ल्याउने सन्दर्भमा चौथो अंगको भूमिका अझै महत्वपूर्ण हुने बताए।




लोकतन्त्र ल्याउन सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्दै सभापति शाहले सरकारले गलत गरेको अवस्थामा सञ्चार क्षेत्रले सरकारलाई सचेत र खबरदारी गर्नुपर्ने बताए। उनले सरकारले सूचना लुकाउने र चौथो अंगले सरकारले गरेका गलत काम बाहिर ल्याउने भएकोले सरकारलाई खबरदारी गर्न पनि पत्रकारिता क्षेत्रले अझै सक्रियता देखाउनु आवश्यक रहेकोमा जोड दिए।

नेपाली कांग्रेस लुम्बिनी प्रदेश संसदीय दलका प्रमुख सचेतक फखरुद्दीन खानले रुपन्देहीको ग्रामिण क्षेत्रमा साझा टेलिभिजनको स्थापनाले यस क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने बताउँदै जनतालाई सूचित गर्ने अभियानमा सफलता मिलोस् भन्ने शुभकामना दिए । सैनामैना नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीले साझा टेलिभिजनले रुपन्देहीको ग्रामीण क्षेत्रको विकासमा टेलिभिजनको माध्यमबाट फरक पहिचान दिन सकोस् भन्ने शुभकामना दिए । उनले लोक कल्याणकारी कार्यक्रम प्रसारणमा टेलिभिजनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै सबै पक्षलाई समेटेर सबैको साझा बन्नुपर्नेमा जोड दिए।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै साझा टेलिभिजनका प्रबन्ध निर्देशक भुवन जिसीले सबैको सहयोगले साझा टेलिभिजनले स्थापनाको एक वर्षमै भवन शिलान्यास गर्न सफल भएको बताउँदै यस क्षेत्रको सूचना तथा समाचार प्रसारणमा टेलिभिजनले प्राथमिकता दिने बताए । शिलान्यास कार्यक्रमको अध्यक्षता गर्दै टेलिभिजनका स्टेशन म्यानेजर नविन घिमिरेले टेलिभिजनलाई सबैको साझा वनाउने प्रतिवद्धता जनाउँदै साझा टेलिभिजनको नाम जस्तै काम पनि साझा गर्ने प्रतिवद्धता व्यक्त गरे।

टेलिभिजनले आगामी असोजभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ । साझा टेलिभिजनका समाचार वाचक सुरेन्द्र परियारको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# भलवारीमा भारतीय पर्यटक लक्षित 'पाँचतारे' होटल शिलान्यास

**गौतमबुद्ध सन्देश**
बुटवल, ११ वैशाख।



भारतीय पर्यटकलाई लक्षित गर्दै रुपन्देहीको भलवारीमा 'फाईभ स्टार' लेवल मापदण्डको होटल शिलान्यास गरिएको छ। तिलोत्तमा नगरपालिका वडा नम्बर ७ भलवारी जहदामा होटल 'फाउन्टेन फन'को पूर्वमन्त्री तथा प्रतिनिधिसभा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँणले शनिबार शिलान्यास गरेका हुन्।

त्यस अवसरमा बोल्दै खाँणले लगानीका प्रयाप्त सम्भावना र अवसर भए पनि सरकारले लगानीमैत्री वातावरण नबनाएका कारण लगानीकर्ता खुम्चिएको बताए ।शिलान्यास गरेको उक्त होटलको समयमै पूर्वाधार निर्माण गरी समयमै सञ्चालनको व्यवस्था मिलाउन समेत उनले आग्रह गरे । यस क्षेत्रका युवा व्यवसायी नारायण बञ्जाडेको एकल लगानीमा निर्माण गर्न लागिएको पाँच तारे लेवलको होटल 'फाउन्टेन फन' अबको २ वर्षमा निर्माण पुरा गर्ने लक्ष्य लिइएको छ। आफ्नै स्वामित्वमा रहेको ५ विगाहा जग्गामा निर्माण गर्न लागिएको उक्त होटलको पूर्वाधार निर्माणमा २ अर्ब भन्दा बढी लगानी हुने अनुमान गरिएको सञ्चालक बञ्जाडेले जानकारी दिए । फूल क्यासिनोसहित निर्माण गर्न लागिएको उक्त होटलमा १०१ वटा स्तरीय कोठा हुनेछन् भने स्तरीय व्याङ्क्वीट हल, स्वीमिङ पुल, हेली प्याड लगायत फाईभ स्टार लेवलको नम्स अनुसारका पूर्वाधार निर्माण गरिने उनले जानकारी दिए।

'हाम्रो बजार भनेको ईण्डिया नै हो, नेपालमा पर्यटकीय क्षेत्रको बिकास र त्यसको प्रवर्द्धन गर्न सक्ने हो भने बहुसंख्यक भारतीय नागरिकलाई नेपालमा ल्याउन सकिन्छ ।' उनले भने-'नेपालका अर्थतन्त्र सुधारको लागि पनि पर्यटन उद्योग बलियो आधार बन्न सक्छ।'

भैरहवामा निर्माण पुरा हुन लागेको अन्तर्राष्ट्रिय बिमानस्थल, नेपालकै अग्रस्थानमा रहेको बेलहिया नाका, बुटवलमा बन्दै गरेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदर्शनी स्थल तथा पूर्वपश्चिम र उत्तर दक्षिणको संगम लगायतका हरेक दृष्टिले लगानीको सम्भावना देखेर लगानी गर्न लागेको उनको भनाइ छ।


## Bhumikasthan Municipality
Office of the Municipal Executive
Nuwakot, Arghakhanchi

**Invitation for Quotations**

**Invitation for Quotations for procurement of Fabricated Steel Parts for Trail Bridges**

Contract Identification No: 69/BMA/G/SD/077/078
First Date of Publication: 2078-01-12 (25-04-2021)

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds toBhumikasthan Municipality for Trail Bridge Program and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The BhumikasthanMunicipalityinvites sealed quotation from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bhumikasthan Municipality.
5. Bidding documents may be purchased from Bhumikasthan Municipalityby eligible Bidders, on submission of awritten application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) 9th May, 2021(2078/01/26).
6. Sealed Bids must be submitted at Bhumikasthan Municipality, Nuwakot, Arghakhanchibefore 12.00 Hrs. Noon on 10th May, 2021(2078/01/27). Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Bhumikasthan Municipality, Nuwakot, Arghakhanchiion 10th May, 2021(2078/01/27), 13.00 Hrs. Bids must be valid for a period of 45 daysafter bid opening and must be accompanied by bid security, amounting to a minimum of NRs. 33,000.00 which shall be valid for 30 daysbeyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No.0900000004GEAccount Name. Deposit Account. DharautiKhata at Century Commercial Bank Ltd.,Nuwakot, Arghakhanchi.and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10.. Pre-Bid Meeting shall be held at the Office of Municipal Executive of Bhumikasthan Municipality, on 4th May, 2021 (2078/01/21).
11. The name and identification of the contract are as follows:

| Contract ID | Description of Work (Fabrication Package) | Estimated Amount, NRs. (Including (VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 69/BMA/G/SD /077/078 | Fabrication of steel parts and transportation up to road heads of, Auladhara Steel Truss Bridges. | 13,12,103.93 | 33000.00 | 1000.00 |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**भूमिकास्थान नगरपालिका**
नुवाकोट, अर्घाखाँची
**अन्यथा भएकोले सच्याइएको सम्बन्धी सूचना।**

यस नगरपालिका बाट मिति२०७७/१२/२५ मा प्रकाशित ठे.नं. 66/BMA/W/ST/2077/078 को लागत अनुमान मु.अ.कर समेत रु.67,15,155.00 हुनुपर्ने र मिति २०७७/१२/२७ गते प्रकाशित ठें.नं. 68/BMA/W/TR/2077/078को BID Capacity मा उल्लेख भएको रकम रु.NRs.26500000.00 हुनुपर्ने साथै मिति २०७८/०१/०९ गते प्रकाशितठे.नं.76, 77 र 78 को सूचनाको बिडबण्ड रकमको महलमा क्रमसः २३,५००।-, १२,५००।- र १२०००।- हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचना मार्फत सच्याइएको ब्यहोरा सम्बद्ध सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।


# ऋणमुक्त भयो करहिया-मक्रहर खानेपानी

**गौतमबुद्ध सन्देश**
तिलोत्तमा, ११ वैशाख।




रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नम्बर ८ मा रहेको करहिया-मक्रहर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको चौथो साधारणसभा सम्पन्न भएको छ । साधारणसभामा बोल्दै तिलोत्तमा नगर प्रमुख बासुदेव घिमिरेले संस्था ऋणमुक्त भएकोमा खुशी व्यक्त गर्दै खानेपानीको सेवा विस्तारमा नगरपालिकाको तर्फबाट सधैं सहयोग रहने बताए। उनले खानेपानी संस्थाहरुले सरसफाईको कामलाई समेत प्राथमिकता दिनुपर्ने बताउँदै पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणालाई दिगो बनाउन सबैको उत्तिकै भूमिका रहनुपर्नेमा जोड दिए।

खानेपानी उपभोक्ता तथा सरसफाई संस्था महासंघका रुपन्देही अध्यक्ष ध्रुव धितालले खानेपानी मुहानदेखि मुखसम्म स्वच्छ हुनुपर्ने बताउँदै यस क्षेत्रका खानेपानी संस्थाहरुले वितरण गर्ने पानी गुणस्तरीय रहेको बताए। उनले पानीका स्रोतको उचित संरक्षण हुनुपर्ने बताउँदै पानी रिचार्जको वातावरण मिलाइनुपर्नेमा जोड दिए।

कार्यक्रममा संस्थाका अध्यक्ष यज्ञ गैरेले नेतृत्व सम्हालेको अढाई वर्षमा देखिने गरी प्रगतिका धेरै काम अघि बढाइएको बताउँदै नगर विकास कोषलाई एक करोड ९८ लाख ३३ हजार ३५४ रुपैंयाँ तिरेर संस्था ऋणमुक्त भएको जानकारी दिए । सेवा क्षेत्र विस्तारको क्रममा वडा नम्बर १० र १२ मा १०५ किलोमिटर पाइपलाइन विस्तार गर्ने र ओभरहेड ट्यांकी निर्माण गर्ने कार्य अघि बढेको बताउँदै अध्यक्ष गैरेले यसबीचमा तिलोत्तमा नगरपालिकाको सहयोगमा संस्थाको सुविधासम्पन्न हल निर्माण, कार्यालय व्यवस्थापन लगायतका पूर्वाधार निर्माणका काम सम्पन्न भएको बताए । संस्थाले नगर विकास कोषबाट ऋण लिएर खानेपानी योजना निर्माण गरेकोमा कोषबाट उत्कृष्ट सेवाग्राहीका रुपमा सम्मानित भएको जानकारी दिँदै उनले हाल झण्डै दुई हजार खानेपानी उपभोक्ता रहेको जानकारी दिए। संस्थाका वरिष्ठ उपाध्यक्ष लक्ष्मण खनालको स्वागत तथा सचिव निलकण्ठ ज्ञवालीको सञ्चालनमा भएको कार्यक्रममा तिलोत्तमा नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष कृष्णप्रसाद पौडेल, वडा नम्बर १० का वडाध्यक्ष व्यसमुन थारु, संस्थाका सल्लाहकार मोहनराज शर्मा लगायतले बोलेका थिए।

साधारणसभाको बन्द सत्रले संस्था ऋणमुक्त भएको सन्दर्भमा पानी महसुल चार्ज घटाउने कार्यसमितिको प्रस्ताव पारित गरेको छ। जसअनुसार हाल न्यूनतम रकम १५० रहेकोमा अब १३० हुने भएको छ। साथै थप ११-१५ युनिट सम्मको महसुल हाल रु. १८ रहेकोमा रु. १५, १६-२० युनिट सम्मको महसुल हाल रु. २० रहेकोमा रु. १८ र २१ युनिटदेखि माथि हाल रु. २५ रहेकोमा रु. २० कायम भएको छ। साथैं बन्दसत्रले आगामी कार्यक्रमहरुको साथैं संस्थाको विधान संसोधन गर्ने लगायतका प्रस्तावहरु पारित गरेको छ।


सूचना, सन्देश र मनोरञ्जनका लागि सधै सुन्नुहोस् ।

रेडियो रिपब्लिक ८८.२
आवाज नेपाली को



## विमालेख हराएको सूचना

लाइफ इन्स्योरेन्स क. लि. द्धारा जारी गरिएको मेरो निम्न व्यहोराको विमालेख यहि मिति २०७७ फागुन ख२४ गते रामग्रामबाट परासी जाँदै गर्दा हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरीदिनुहुन अनुरोध छ।

**नाम**: हमिद डफाली **विमालेख नम्बर**: १५०००६१२३
**ठेगाना**: रामग्रामण९, नवलपरासी **सम्पर्क**: ९८५७०४६७९०